# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ४

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ १२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक माननीय ज्येष्ठ सदस्य श्री महन्थ ठाकुरको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभाको सभामुख पदको निर्वाचन कार्यक्रम अनुसार प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (२) बमोजिम माननीय सदस्य श्री अग्निप्रसाद सापकोटालाई सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त प्रस्तावका प्रस्तावक मा० श्री सुवास चन्द्र नेम्वाङले "यस सभाका माननीय सदस्य श्री अग्निप्रसाद सापकोटालाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक निम्नलिखित मा० सदस्यहरुले प्रस्तावको समर्थन गर्नुभयो :-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री लक्ष्मणलाल कर्ण
३. मा० श्री ओनसरी घर्ती

त्यसपछि मा० श्री मिनेन्द्र प्रसाद रिजालले सभामुख निर्वाचनको सन्दर्भमा नेपाली कांँग्रेस संसदीय दलको निर्णय जानकारी गराउँदै आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "यस सभाका माननीय सदस्य श्री अग्निप्रसाद सापकोटालाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (३) बमोजिम माननीय श्री अग्निप्रसाद सापकोटा प्रतिनिधि सभाको सभामुख पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसद, प्रतिनिधि सभाको सभामुख जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा माननीय श्री अग्निप्रसाद सापकोटालाई आफ्नो व्यक्तिगत एवं प्रतिनिधि सभाको तर्फबाट कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दै हार्दिक बधाई दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले संघीय संसद, प्रतिनिधि सभाको यस अधिवेशनमा ज्येष्ठ सदस्यको रुपमा बैठकको अध्यक्षता गर्न पाएकोमा ज्यादै खुशी र गौरवान्वित महशुस गरेको भन्नुहुँदै मेरो अध्यक्षता अवधिभर बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने सभाका मा० सदस्यहरु, नेपाल सरकार, संघीय संसदको महासचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ १४ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव